बैठक संख्या : १५०/२

आज मिति २०८३/०५/२५ गते सोमवार दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उप प्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री चन्द्र बहादुर राई | कार्यवाहक वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री संजय बहादुर राजलबट | सचिव | |

<u>प्रस्तावहरू</u>

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२. योजना सिफारिस सम्बन्धमा ।

३. राहत सम्बन्धमा ।

४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धमा ।

५. विविध

   क. निर्णयहरु अनुमोदन सम्बन्धमा ।

   ख. पारिश्रमिक सम्बन्धमा ।

   ग. सुधारिएको चुलो वितरण सम्बन्धमा ।

   घ. संस्था दर्ता सम्बन्धमा ।

   ङ. मर्मत सम्बन्धमा ।

   च. आर्थिक सहयोग सम्वन्धमा ।

   छ. सौर्य ऊर्जा प्रणाली जडानका लागि योजना माग तथा लागत साझेदारी सम्वन्धमा ।

नगर प्रमुख

मितु थापा
नगर उपप्रमुख

निर्णयहरू

निर्णय नं. १. मिति २०८३/०५/०३ गते बसेको १४९औं कार्यपालिका बैठकले गरेका निर्णयहरूको समीक्षा गर्दा देहाय बमोजिम निर्णय कार्यान्वयनको अवस्था रहेको पाइयो ।

देहाय

| क्र.स. | निर्णय नं. | प्रस्ताव | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | १ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणीकरण सम्बन्धमा । | भएको | |
| २ | २ | सूचीकरण सम्बन्धमा । | भएको | |
| ३ | ३ | तह वृद्धि सम्बन्धमा । | भएको | |
| ४ | ४ | बेलबारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ को संशोधन सम्बन्धमा । | भएको | |
| ५ | ५ | बोलपत्र आव्हान अनुमोदन तथा स्वीकृति सम्बन्धमा । | भएको | |
| ६ | विविध | | | |
| | क | नगरस्तीय खेलकुद समिति गठन सम्बन्धमा। | भएको | |
| | ख | पूर्व स्वीकृति सम्बन्धमा । | भएको | |
| | ग | संस्था दर्ता सम्बन्धमा । | भएको | |
| | घ | संस्था खारेजी सम्बन्धमा । | भएको | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २ | योजना सिफारिस सम्बन्धमा। | क. संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगरको च.नं. २५७, मिति २०८३/०५/१७ को पत्रानुसार आ.व. २०८३/८४ को "मोरङ जिल्ला स्थित बेलबारी नगरपालिकामा शहरी पूर्वाधार निर्माण कार्य" अन्तर्गत बजेट सुनिश्चितता भई कार्यान्वयका लागि योजना सिफारिस गरी पठाउन अनुरोध भई आएको हुँदा बेलबारी नगरपालिकाको आवश्यकता, प्राथमिकता तथा नागरिकको सेवा सुविधालाई मध्यनजर गर्दै तपसिल बमोजिमका योजनाहरू प्राथमिकताका साथ छनौट गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।<br>तपसिलः |

| क्र.सं. | योजनाको नाम | अनुमानित लम्बाइ | कैफियत |
|---|---|---|---|
| १ | पृथ्वीमार्ग, यलम्बर चोक बेलबारी-४ देखि पाँचकोले त्रिपुरेश्वर मन्दिर बेलबारी-५ सम्म कालोपत्रे सडक | ४२७५ मिटर | सि.नं. ३३७०६१०३<br>रु ३ करोड |
| २ | लालभित्ती शुक्रबारे सडक खण्ड बाँकी कालोपत्रे सडक | ३२० मिटर | |

ख. संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगरको च.नं. २७९, मिति २०८३/०५/१७ को पत्रानुसार आ.व. २०८३/८४ को "मोरङ जिल्ला स्थित बेलबारी नगरपालिकामा शहरी सडक स्तरोन्नति, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम" अन्तर्गत बजेट बजेट सुनिश्चितता भई कार्यान्वयका लागि योजना सिफारिस गरी पठाउन अनुरोध भई आएको हुँदा बेलबारी नगरपालिकाको आवश्यकता, प्राथमिकता तथा नागरिकको सेवा सुविधालाई मध्यनजर गर्दै तपसिल बमोजिमका योजनाहरू प्राथमिकताका साथ छनौट गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | अनुमानित लम्बाइ | कैफियत |
|---|---|---|---|
| १ | नलबारी-अनामसमाज सडक खण्डको नलबारी देखि पश्चिम कल्भर्ट बेलबारी-९ हुँदै त्रिवेणी | १५५० मिटर | सि.नं. ३३७०६१२३<br>रु १ करोड ५० लाख |



नितु थापा
नगर उपप्रमुख

दिलप्रसाद राई
नगर प्रमुख

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td><table><tr><td></td><td>चोक [illegible] राईको घरसम्म। सडक कालोपत्रे तथा स्तरोन्नती</td><td></td><td></td></tr></table></td></tr>
<tr><td>३</td><td>राहत सम्बन्धमा ।</td><td>मिति २०८३ भाद्र १० गते रसुवाको भोटेकोशी- त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण भएको जनधनको क्षतिप्रति बेलबारी नगरपालिका गहिरो दुःख व्यक्त तथा उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ र प्रभावितहरूको सुरक्षित पुनर्स्थापनाको कामना गर्दै सो भोटेकोशी- त्रिशुली बाढीबाट प्रभावित नागरिकको राहत र पुनर्स्थापनामा सहयोग पुर्याउने उद्देश्यले बेलबारी नगरपालिकाले आफ्नो तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा देहाय बमोजिम रु ४५,५५,५५५।— (पैंतालीस लाख पचपन्न हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) सहयोग रकम एकमुष्ट जम्मा गर्ने निर्णय गरेको छ।<br>देहाय
<table>
<tr><th>क.स.</th><th>योगदान समूह</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>क.</td><td>विपद व्यवस्थापन कोषबाट</td><td>रु ४,१०,००५।—</td><td></td></tr>
<tr><td>ख</td><td>सम्पूर्ण जनप्रतिनिधिहरूको तर्फबाट</td><td>रु २,२८,०७०।—</td><td></td></tr>
<tr><td>ग</td><td>सम्पूर्ण कर्मचारीहरूको तर्फबाट</td><td>रु १३,७४,५१४।—</td><td></td></tr>
<tr><td>घ</td><td>विद्यालय शिक्षक कर्मचारीहरूको तर्फबाट</td><td>रु २५,४२,९६६।—</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>रु ४५,५५,५५५।—</td><td></td></tr>
</table></td></tr>
<tr><td>४</td><td>स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धमा ।</td><td>दृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक—सामाजिक विकासमा प्राप्त उपलब्धीको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरणका लागि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरूको मूल्याङ्कन गर्ने प्रणाली स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आर्थिक बर्ष २०८२/०८३ का लागि स्व मूल्याङ्कन गर्दा ७५.७ अंक प्राप्त गरी जिल्ला समन्वय समिति, मोरङ्गमा पृष्ठपोषणका लागि पठाएको हुँदा सोलाई स्वीकृत/अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>विविध</td><td></td></tr>
<tr><td>क</td><td>निर्णयहरु अनुमोदन सम्बन्धमा।</td><td>अ. बेलबारी नगरपालिका अन्तर्गत रहेको बेलबारी नगर अस्पतालमा कार्यरत MDGP श्री प्रेम कुमार दासलाई मासिक रकम रू ९८,४०० (अन्ठानब्बे हजार चार सय रुपैयाँ मात्र) दिने गरी भएको करार सम्झौता नवीकरण गर्ने सम्बन्धी कार्यालयको मिति २०८३/०४/१५ गतेको निर्णय स्वीकृत/अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>आ. बेलबारी नगर शिक्षा समिति, सामुदायिक विद्यालय व्यवस्थापन समिति र सामुदायिक विद्यालयका प्र.अ.हरु बीच मिति २०८३/०५/०५ गते बसेको संयुक्त बैठकका अनुसूची १ मा रहेका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>ख</td><td>पारिश्रमिक सम्बन्धमा।</td><td>भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड २०८३ को (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी) अनुसूची (१) र (अव्यवस्थित बसोबासीलाई) अनुसूची (२) बमोजिम प्रमाणीकरण गर्न निस्सा प्राप्त गरेका लाभग्राहीहरुको ११ वटै वडा कार्यालयहरुमा अतिरिक्त फारम भर्न खटिएका जनशक्तिलाई डोर हाजिरी अनुसारको पारिश्रमिक रकम र कार्यरत कर्मचारीलाई खाना/ खाजा खर्च तथा संकलन भएको पुरक निवेदनको विवरण बेलबारी नगरपालिकाको सफ्टवेयरमा अतिरिक्त समय विहान, बेलुका र बिदाको समयमा प्रविष्टी गर्न खटिने जनशक्ति/कर्मचारीहरुलाई पारिश्रमिक/खाना खाजा खर्च वापत आ.व.२०८३/०८४ को सि.नं ५.३ मा रहेको भूमि समस्या समाधान शाखा शिर्षकमा विनियोजित बजेटबाट प्रति फारम रु २०/- का दरले प्रविष्टि गर्ने कर्मचारीलाई भूक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
</table>



(हस्ताक्षर) मितु थापा उपप्रमुख (हस्ताक्षर) दिलप्रसाद राई नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| ग | सुधारिएको चुलो वितरण सम्बन्धमा । | बेलबारी नगरपालिकाभित्र स्वच्छ, सुरक्षित तथा वातावरणमैत्री ऊर्जा प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै घरायसी इन्धनको खपत तथा धुवाँजन्य प्रदूषण न्यूनीकरण गर्ने उद्देश्यले नगरपालिकाका सम्पूर्ण ११ वटै वडामा प्रति वडा १०० (एक सय) वटाका दरले सुधारिएको चुलो वितरण गर्ने प्रयोजनका लागि सम्बन्धित वडामार्फत आवश्यक माग फाराम संकलन गरी लाभग्राही छनौट तथा वितरणसम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। |
| घ | संस्था दर्ता सम्बन्धमा। | बेलबारी नगरपालिका नगर कार्यपालिका कार्यालयको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट पेश भएका देहाय बमोजिमका संस्था दर्ता ऐन, २०७६ को दफा ४ तथा दफा ७ को उपदफा २ बमोजिम आवश्यक प्रक्रिया पुरा गरेको भनी पेश भएको हुँदा उक्त संस्था दर्ता गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>देहायः<br>१. सिद्दिदात्री दुर्गा मन्दिर व्यवस्थापन समिति, बेलबारी-०७, मोरंङ (अध्यक्ष श्री जित नारायण चौधरी सहित ११ जना सदस्य) |
| ङ | मर्मत सम्बन्धमा । | अ. बेलबारी नगरपालिकाका सम्पूर्ण वडाभित्र रहेका मर्मत तथा सम्भार गर्नुपर्ने सडकहरूको नियमित मर्मत–सम्भार गरी आवागमनलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन प्रत्येक वडालाई रु. १,५०,०००।– (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) का दरले नगरपालिकाको मर्मत सम्भार कोषबाट स्रोत उपलब्ध गराउने तथा उक्त रकमबाट सञ्चालन हुने सडक मर्मत–सम्भारसम्बन्धी कार्यको प्रचलित कानूनबमोजिम खरिद/ठेक्का प्रक्रिया सम्बन्धित वडा कार्यालयबाटै सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>आ. बेलबारी नगरपालिका वडा नं. ५, ६ र ७ अन्तर्गत रहेका नहरका सडक/बाटो मर्मत तथा सुधार कार्य सञ्चालनका लागि यसअघि बोलपत्र आह्वान गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को विद्युतीय खरिद प्रणालीमा देखिएको प्राविधिक समस्याका कारण बोलपत्रसम्बन्धी खरिद प्रक्रिया हाल स्थगित रहेको र उक्त सडक/बाटो मर्मतका लागि स्थानीय नागरिकबाट उच्च माग भई आएको हुँदा नागरिकको आवागमनमा परेको कठिनाइ तथा मर्मत कार्यको आवश्यकतालाई मध्यनजर गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत लागत अनुमानको सीमाभित्र रही कानुनबमोजिम सोझै खरिद विधिबाट उक्त नहरको सडक/बाटो मर्मत तथा सुधार कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। |
| च | आर्थिक सहयोग सम्बन्धमा । | पूर्वाञ्चल विश्वविद्यालयमा अध्ययनरत तपसिल बमोजिमका विद्यार्थीहरूले बेलबारी नगरपालिका क्षेत्रमा "Clinical/Community Legal Education, 2026" कार्यक्रम सञ्चालनका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराइदिन निवेदन पेश गरेको हुँदा उक्त कार्यक्रमले समुदायमा कानुनी सचेतना तथा व्यावहारिक कानुनी शिक्षाको प्रवर्द्धनमा सहयोग पुग्ने देखिएकोले तपसिलका ५ (पाँच) जना विद्यार्थीलाई जनही रु. ५,०००।– (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) का दरले जम्मा रु. २५,०००।– (अक्षरेपी पच्चीस हजार रुपैयाँ मात्र) सि.नं. ७० अन्य सामाजिक क्षेत्र सुधार बजेट शीर्षक/स्रोतबाट प्रचलित कानून बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।<br>तपसिल<br>१. धन कुमारी कार्की<br>२. उषा बस्नेत<br>३. नितु मण्डल<br>४. रेजिना आले मगर<br>५. सबनम खातुन |
| छ | सौर्य ऊर्जा प्रणाली जडानका लागि योजना माग तथा लागत साझेदारी सम्बन्धमा । | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट सामुदायिक सौर्य ऊर्जा प्रणाली जडानका लागि आवेदन आह्वान भएको सम्बन्धमा कार्यपालिकामा छलफल गरियो। बेलबारी नगर अस्पतालमा नियमित, भरपर्दो तथा वैकल्पिक विद्युत् आपूर्ति सुनिश्चित गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन ४० kWp क्षमताको सौर्य ऊर्जा प्रणाली जडानका लागि योजना माग गरी प्रस्ताव पेश गर्ने तथा उक्त योजना स्वीकृत भई कार्यान्वयन हुने अवस्थामा कुल लागतको १० प्रतिशत |



नितु थापा
नगर उपप्रमुख

दिलप्रसाद राई
नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | [illegible]वारी नगरपालिकाबाट लागत साझेदारीका रूपमा व्यहोर्ने र सोका लागि आवश्यक आवेदन, सिफारिस तथा अन्य कागजात तयार गरी सम्बन्धित निकायमा पेश गर्ने लगायतका आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। |

नितु थापा
नगर उपप्रमुख

दिलप्रसाद राई
नगर प्रमुख

अनुसूची - १

१५० औं कार्यपालिका बैठकको निर्णय नं. ५ को (क) को (आ) सँग सम्बन्धित

निर्णयहरुः-

**निर्णय नं. १. सामुदायिक विद्यालयहरुको विद्यालय गुणस्तर मापन कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. १. सामुदायिक विद्यालयहरुको विद्यालय गुणस्तर मापन कार्यक्रम विषयका सम्बन्धमा छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरेको विद्यालयको गुणस्तर मापन फारमका सूचकांकहरुमा छलफल गरी पारित गरियो। साथै यहि मिति २०८३ भाद्र २२ गते देखि २४ गतेसम्म तीन दिनभित्रमा सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्ष ज्यूहरु, प्र.अ. ज्यूहरुको तहगत (जस्तैः- आधारभूत तह कक्षा १-५ सञ्चालितको एउटा समूह, कक्षा १-८ सञ्चालितको एउटा समूह र कक्षा १-१२ सञ्चालितको एउटा समूह) समूह तयार गरी सम्बन्धित तहमा स्थलगत भ्रमण गरी फारमका माध्यमबाट निर्धारित सूचकांकमा अंक प्रदान गरी संकलन गरेका विवरणहरु सोही दिन नै शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २. आधारभूत तह कक्षा १-३, ४-५ विद्यार्थी मूल्यांकन सम्बन्धमा ।**

प्रस्ताव नं. २. आधारभूत तह कक्षा १-३, ४-५ विद्यार्थी मूल्यांकन विषयका सम्बन्धमा छलफल गर्दा आधारभूत तह कक्षा १-३ मा विद्यार्थी मूल्यांकन मार्गदर्शन, २०७६ र आधारभूत तह कक्षा ४-५ मा विद्यार्थी मूल्यांकन मार्गदर्शन, २०८३ अनुसार पालिका भित्रका सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यार्थी सिकाइ सुधार प्रयोजनका लागि केन्द्रको मार्गनिर्देशनको पालना गर्दै कक्षा कोठामा निरन्तर विद्यार्थी मूल्यांकन पद्धति अनिवार्य रुपमा लागू गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३. विद्यार्थी संख्या विवरण IEMIS मा अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३. विद्यार्थी संख्या विवरण IEMIS मा अध्यावधिक गर्ने विषयका सम्बन्धमा छलफल गर्दा सामुदायिक तथा संस्थागत विद्यालयहरुले यहि मिति २०८३ भदौ मसान्त भित्र कक्षागत रुपमा वास्तविक विद्यार्थी संख्या प्रविष्ट गरी विद्यार्थी विवरण अध्यावधिक गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४. विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन पेस गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४. विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन पेस गर्ने विषयका सम्बन्धमा छलफल गर्दा सम्पूर्ण सामुदायिक विद्यालयहरुले आ.व. २०८२/०८३ को सामाजिक परीक्षण गरी/गराई यहि मिति २०८३ भाद्र मसान्तसम्ममा IEMIS मा प्रविष्ट गरी सामाजिक परीक्षण प्रतिवेदन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ सबन्धमा ।**

प्रस्ताव नं. ५ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ विषयका सम्बन्धमा छलफल गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ बमोजिम शिक्षाको अवसरबाट बञ्चित भएका तथा आधारभूत तहसम्मको शिक्षा हासिल नगरी विभिन्न कारणले बीचैमा कक्षा छोडेका विद्यार्थी तथा व्यक्तिहरुको विस्तृत विवरण संकलन गरी अनौपचारिक तथा वैकल्पिक शिक्षा प्रदानका लागि प्रक्रिया अगाडि बढाउने जिम्मेवारी नगरपालिका भित्रका सामुदायिक सिकाइ केन्द्रहरुलाई दिने साथै सो कार्यका लागि सामुदायिक विद्यालयका जिम्मेवार व्यक्तिहरुले समेत सहजीकरण गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**नितु थापा**
**नगर उपप्रमुख**

दिलप्रसाद राई
नगर प्रमुख